# म्याग्दे गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

छाङ्ग, तनहुँ
गण्डकी प्रदेश, नेपाल

## आन्तरिक आय ठेक्काको डाँक बढावढको सार्वजनिक सुचना

(सुचना प्रकाशित मितिः २०८१/११/१२ गते)

स्थानीय सरकार सन्चालन ऐन २०७४ तथा म्याग्दे गाउँपालिकाको आर्थिक ऐन २०८१ (सभाबाट पारित) बमोजिम, म्याग्दे गाउँपालिका तनहुँको क्षेत्राधिकार भित्र पर्ने देहायका शिर्षकहरुमा आ.व. २०८१/०८२ का लागि डाँक बढाबढ गर्नुपर्ने भएकोले तपशिलको स्थान, समय र मितिमा तोकिएको आवश्यक कागजात सहित इच्छुक नेपाली नागरिकले देहायको शर्तहरुको परिधिभित्र रहि डाँक बढाबढ भाग लिन आउनहुन सर्वसाधारणको जानकारीको लागि यो सार्वजनिक सुचना प्रकाशित गरिएको छ।

**ठेक्का विचरणः**

प्राकृतिक स्रोतको उपयोगः- आ.व. ०८१/८२ को ढुंगा, गिट्टी, बालुवा, ग्राभेल आदी प्राकृतिक श्रोतको उत्खनन् गरि विक्री गर्ने कार्यको विवरण।

<u>तपशिल</u>

| सि.नं | सूचना नं./बोलपत्र न. | बातावरणिय परिक्षण प्रतिवेदन,२०८१ अनुसारको उत्खनन् गरिने घाटको बिबरण | उत्खनन परिणाम (घन मिटर) | न्युनतम रकम (कर बाहेक) | बोलपत्र दस्तुर(रु.) |
|---|---|---|---|---|---|
| १ | MRM-०८-२०८१/०८२ | फुलबारी थाङ्दी घाट, म्याग्दे-५ | ६२५४.०० | रु.१९,८८,१४६.६(उन्नाईस लाख अठासी हजार एक सय छयालिस रुपैया साठी पैसा मात्र) | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |
| २ | MRM-०९-२०८१/०८२ | मजुवाटार घाट, म्याग्दे-५ | २२०९.०० | रु. ७,०२,२४१.१०(सात लाख दुई हजार दुई सय एकचालिस रुपैया दस पैसा मात्र) | रु. ३०००.०० (तीन हजार रुपैया मात्र) |
| ३ | MRM-१३-२०८१/०८२ | चोकेटार माथिल्लो घाट, म्याग्दे-४ | २६२४.०० | रु.८,३४,१६९.६० (आठ लाख चौतिस हजार एक सय उन्नानसत्तरी रुपैया साठी पैसा मात्र) | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |
| ४ | MRM-१८-२०८१/०८२ | जिमकोट घाट, म्याग्दे-४ | ६९५९ | रु.२२,१२,२६६.१(बाईस लाख बाह हजार दुई सय छैसठ्ठी रुपैया दस पैसा | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |

२०८१/११/१२

नि.प्रमुख प्रशासकीय अधिकृत

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | मात्र) | |
| ५ | MRM-१९-२०८१/०८२ | भङगालो घाट म्याग्दे-२ | ५२०४ | रु.१६,५४,३५१.६०(सोह्र लाख चौवन्न हजार तिन सय एकाउन्न रुपैया साठी पैसा मात्र) | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |
| ६ | MRM-२०-२०८१/०८२ | जिमकोट तल्लो घाट, म्याग्दे-४ | ४९९४ | रु.१५,८७,५९२.६० (प्रन्ध्र लाख सतासि हजार पाँच सय बयानब्बे रुपैया साठी पैसा मात्र) | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |
| ७ | MRM-२१-२०८१/०८२ | घुमाउने घाट, म्याग्दे-४ | १२८१९ | रु. ४०,७५,१६०.१० (चालिस लाख पचहत्तर हजार एक सय साठी रुपैया दस पैसा मात्र) | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |
| ८ | MRM-२२-२०८१/०८२ | झिरलौदी घाट, म्याग्दे-३ | ८०९३ | रु.२५,७२,७६४.७० (पच्चिस लाख बहत्तर हजार सात सय चौसठ्ठी रुपैया सत्तरी पैसा मात्र) | रु. ३,०००.०० (तीन हजार रुपैया मात्र) |

**ठेक्काको शर्तहरु:**

१. डाँक बढाबढ तपशिल बमोजिम हुनेछ साथै तपशिलको दिन सार्वजनिक विदा परेमा तोकिएको दिनको भोलिपल्ट कायम हुनेछ।

<u>तपशिल</u>

स्थानःम्याग्दे गाँउपालिका, गाँउ कार्यपालिकाको कार्यालय, छाङ्ग, तनहूँ

**मिति र समयः** २०८१/११/१९ गते दिनको ११:०० बजेदेखि विनको ४:०० बजेसम्म क्र.सं. अनुसार

२. डाँक बढाबढ खुला रुपमा बोलकबोलको माध्यमबाट हुनेछ। बोलकबोल अंक मु.अ.कर सहितमा रहनेछ। साथै मु.अ.कर बाहेकको कबोल अंकको १.५% आयकर डाँक सकार गर्नेले व्यहोर्नुपर्नेछ।

३ . इच्छुक व्यक्तीले नेपाली नागरिकता वा फर्मले नविकरण भएको फर्म व्यवसाय दर्ता, स्थायी लेखा नम्बर र आ.व. २०८०/०८१ को कर चुक्ता पेश र बोलपत्र दस्तुर तिरे पछि मात्र डाँक बढाबढमा भाग लिन पाउने छन्।

४. डाँक सकार गर्नेले मु.अ.कर बाहेकको कबोल गरेको अंकको ५% ले हुन आउने रकम सोही बखत सोही ठाउँमा गाँउपालिकामा रहेको लक्ष्मी सनराईज बैङ्कमा नगदै जम्मा गर्नुपर्नेछ।

५. डाक सकार गर्नेले सम्झौता गर्दा मु.अ.कर बाहेकको कबोल गरेको अंकको ५०% ले हुन आउने रकम सम्झौताको बखत नगदै दाखिला गर्नुपर्नेछ र बाँकी रकमको ३ महिना मान्य अवधि रहेको कार्य सम्पादन जमानतपत्र पेश गर्नुपर्नेछ। साथै बाँकी रकम सम्झौता मितिले २० दिन भित्र नगदै दाखिला गर्नुपर्नेछ। साथै तोकिएको अवधि भित्र रकम दाखिला नगरेमा ठेक्का स्वतः रद्ध हुनेछ साथै दाखिला गरेको रकम जफत हुनेछ।

६. डाँक सकार गर्नेले सम्झौता गर्दा मु.अ.कर बाहेकको एकमुष्ट रकम नगदै पनि दाखिला गर्न सक्नेछ।

७. डाक सकार गर्नेले सम्झौता गर्दा कबोल अंकको १३% मु.अ.कर र १.५०% आयकर आन्तरिक राजश्व कार्यालय, तनहुँको खातामा दाखिला गर्नुपर्नेछ।

म्याग्दे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय छाङ, तनहुँ गण्डकी प्रदेश, नेपाल २०७३

२०८१।११।१२

नि.प्रमुख प्रशासकीय अधिकृत

८. डाँककर्ता र गाँउपालिका कार्यालय विच विवाद उत्पन्न भएमा गाँउपालिकाले गरेको निर्णय अन्तिम र दुवै पक्षलाई मान्य हुनेछ।

९. ठेक्का स्वीकृत वा अस्वीकृत गर्ने अधिकार गाँउपालिकासँग सुरक्षित रहनेछ।

१०. कुनै पनि बहाना र कारण देखाई ठेक्का रकम मिनाहा, छुट ठेकेदारले दावी वा माग गर्न पाउने छैन।

११. ठेक्का सम्बन्धी अन्य कार्य प्रचलित कानुन बमोजिम हुनेछ।

नि. प्रमुख प्रशासकीय अधिकृत